नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८
चलानी .नः ७७८

मिति २०७७/१०/२१

**बिषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री स्थानीय तह(महानगरपालिका, उपमहानगरपालिका,नगरपालिका, गाउँपालिका) सबै
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मिति २०७७/१०/१४ च.नं. प्र./३११/३३५७ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र यसै साथ संलग्न छ ।सोही व्यहोरा अवगत गरी आवश्यक कार्यान्वयन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

नारायण प्रसाद भट्टराई
शाखा अधिकृत

**बोधार्थः-**
श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गर्नुहुन ।

११४/०७८।१०।२० आन्तरिक

क.प्र.म

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या ०७७-७८
च.नं. : प्र./३११/३३२६

मितिः २०७७।१०।१४

दर्ता नं.: ५२८८ / १०।१५

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।**

श्री अर्थ मन्त्रालय,
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
श्री कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय,
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
श्री खानेपानी मन्त्रालय,
श्री गृह मन्त्रालय,
श्री परराष्ट्र मन्त्रालय
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
श्री युवा तथा खेलकुद मन्त्रालय,
श्री रक्षा मन्त्रालय
श्री वन तथा वातावरण मन्त्रालय,
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
श्री सहरी विकास मन्त्रालय,
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

निर्वाचन आयोगको च.नं. (१-१-१-३४ क.प्र.) ०७७-७८/ ३०४ मिति २०७७/१०/११ को **निर्णय कार्यान्वयन सम्बन्धमा** विषयक पत्रको छाँयाप्रति पाना-३ (तीन) यसैसाथ संलग्न गरी आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(झविन्द्र प्रसाद पाण्डेय)
शाखा अधिकृत

बोधार्थः
श्री निर्वाचन आयोग,नेपाल, कान्तिपथ,
काठमाडौं ।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार । } [सबै स्थानीय तहहरूको जानकारीका लागि तत्कालै पत्राचार गर्नु हुनका साथै तहाँको website मा समेत राखिदिनु हुन अनुरोध ]

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: (१-१-१-३४ क.प्र.) ०७७-७८ /१३०४

मिति : २०७७/१०/११

बिषय : **निर्णय कार्यान्वयन सम्बन्धमा ।**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. : ४४९०
मिति : २०७७-१०-१२

**श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**सिंहदरवार, काठमाडौं ।**

सम्वत् २०७८ साल बैशाख १७ गते पहिलो चरण र ऐ. २७ गते दोश्रो चरणमा सम्पन्न गर्नेगरी प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति घोषणा भएको सन्दर्भमा उक्त निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न, गराउन देहाय बमोजिमका विषय क्षेत्रमा आवश्यक सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण निकायहरूमा निर्देशन हुन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने भनी निर्वाचन आयोगबाट मिति २०७७/१०/११ मा निर्णय भएको हुँदा कार्यान्वयनको लागि निर्णयानुसार अनुरोध छ ।

**देहाय**

१. प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनको लागि सम्वत् २०७७ साल पुस ५ गतेसम्ममा मतदाता नामावलीमा नाम दर्ता भई सोही मितिसम्म अठार वर्ष उमेर पुरा भएका व्यक्तिको नामावली (दावी विरोध समेत) अद्यावधिक गर्ने कार्यक्रम मिति २०७७ साल माघ १५ गतेदेखि ऐ. २१ गतेसम्म ७५३ वटै स्थानीय तहका केन्द्रमा सञ्चालन हुँदैछ । उक्त कार्यक्रम सरोकारवालाहरूको व्यापक सहभागितामा प्रभावकारी रूपमा सञ्चालन गर्न सबै स्थानीय तह र स्थानीय प्रशासनले आ-आफ्नो तर्फबाट आम नागरिकहरूलाई सुसूचित गराई अद्यावधिक कार्यक्रममा मतदाताहरूलाई सहभागी गराउन र प्रमुख नाम दर्ता अधिकारी तथा सहायक नाम दर्ता अधिकारीलाई आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था हुन ।

२. प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनको लागि "मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७" बमोजिम "मतदान स्थल तथा मतदान केन्द्र पुनरावलोकन सम्बन्धी कार्यक्रम, २०७७" आयोगबाट स्वीकृत भई २०७७ साल पौष २३ गतेदेखि जिल्लास्तरमा मतदान स्थल तथा मतदान केन्द्र निर्धारण सम्बन्धी कार्य प्रारम्भ भइसकेको छ । उक्त कार्यको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको व्यवस्था रहेको छ । उक्त समितिलाई केन्द्र निर्धारण गर्ने सम्बन्धमा राजनीतिक दल, स्थानीय तह र अन्य सरोकारवालाहरूसँग समन्वय गरी सम्भव भएसम्म भौगोलिक सूचना प्रणाली (GIS) अनुरूपको निर्देशाङ्क (Co-ordinate) को एकीकृत विवरण तयार गरी सिफारिश सहित आयोगमा पठाउनुपर्ने लगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ । मतदान स्थल तथा मतदान केन्द्र पुनरावलोकन कार्य गर्न सिफारिश समितिलाई स्थानीय तह, राजनीतिक दल लगायत सम्बद्ध सबै पक्षबाट आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था हुन ।

३. प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि जिल्ला सदरमुकाममा मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला सदरमुकाम वा सम्बन्धित निर्वाचन क्षेत्रको उपयुक्त स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचन सम्बन्धी सम्पूर्ण क्रियाकलापहरू व्यवस्थापन गर्ने सम्बन्धमा उपयुक्त भवन, सुरक्षा व्यवस्था तथा पूर्वाधार समेत हेरी उपयुक्त स्थल चयन हुन तथा विकल्प सहित आयोग समक्ष मिति २०७७।११।२० गतेसम्म पठाउने व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालयलाई निर्देशन हुन ।



कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. / Ref: मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिम जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिसको आधारमा निर्वाचन आयोगबाट कायम गरिएका मतदान स्थलहरूको संरचनाको संरक्षण, मर्मत सम्भार एवं उक्त स्थलमा खानेपानी, शौचालय, विद्युत, सञ्चार आवतजावतको वैकल्पिक मार्ग, सडक, पुल पुलेसा, कम्पाउण्ड वाल, तारवार आदि लगायतको प्रवन्धको लागि स्थानीय तह एवम् सम्बद्ध निकायमा समन्वय, निर्देशन र कार्यान्वयनको व्यवस्था हुन ।

५. प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा आयोगबाट भएका निर्णयलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा सो अन्तर्गतका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, बोर्ड, आयोग, कोष, प्रतिष्ठान, प्राधिकरण तथा शैक्षिक संस्थाहरूले उच्च प्राथमिकता दिई तत्काल कार्यान्वयन गर्न, गराउन सबै निकायलाई निर्देशन हुन ।

६. प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रयोजनको लागि केन्द्र, प्रदेश तथा जिल्ला स्तरमा कार्यरत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा सरकारको अनुदानमा सञ्चालित संघ, संस्था, निकाय वा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरू आवश्यकता अनुसार निर्वाचनमा परिचालन गर्नुपर्ने हुँदा उपरोक्त निकायका कर्मचारीहरूको देहाय अनुसारको यथार्थ विवरण अद्यावधिक गरी राख्ने र निर्वाचन प्रयोजनको लागि माग गरेको बखत तुरुन्त उपलब्ध गराउने व्यवस्था हुन ।

**तपसिल**

**मन्त्रालय/आयोग/सचिवालय/कार्यालय :**

**जिल्ला :**

| क्र.सं. | क.सं.नं. | पद | सेवा/समूह/श्रेणी | नाम/थर | कार्यरत कार्यालय | म.प.प.नं. | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

७. नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा स्थानीय तहका पूर्वाधार तथा भौतिक साधनहरू, सभागृह तथा अतिथिगृह, सवारी साधन, परिवहनका साधन र अन्य विद्युतीय उपकरणहरू मर्मत संभार गरी ठीक दुरुस्त अवस्थामा राख्न र निर्वाचनको कामको लागि आवश्यकता अनुसार प्रयोग गर्न सक्ने व्यवस्था हुन ।

८. प्रतिनिधि सभा सदस्य निर्वाचनको कार्यसम्पादन गर्न विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई खटाउन वा काममा लगाउन सकिने कानूनी व्यवस्था बमोजिम सबै सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तपसिल बमोजिमको विवरण अद्यावधिक गरी राख्ने र निर्वाचन प्रयोजनको लागि माग भएका बखत तत्काल उपलब्ध गराउन सबै स्थानीय तहलाई जानकारी गराई सो बमोजिम तयारी अवस्थामा रहने व्यवस्था हुन ।

**तपसिल**

**जिल्ला :** **स्थानीय तह:**

**विद्यालयको नाम र ठेगाना:**

| क्र.सं. | सं.नं. | पद | तह/श्रेणी | नाम/थर | म.प.प.नं. | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

९. सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होम लगायत सबै स्वास्थ्य संस्थाहरू निर्वाध रूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका साथै जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्सहरू सुचारू अवस्थामा राख्ने तथा जिल्लामा रहेका दमकलहरूलाई चालु हालतमा राखी निर्वाचनको क्रममा आवश्यक परेको बखत तत्काल प्रयोग गर्न सक्ने व्यवस्था हुन ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

सार्वजनिक सञ्चारका माध्यम रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति आदिले निर्वाचन सम्बन्धी सूचना, समाचार र जानकारी मूलक सामग्रीलाई प्राथमिकता दिई उत्पादन, प्रकाशन र प्रसारण गर्ने तथा निर्वाचन आयोगबाट उत्पादन गरी उपलब्ध गराइएका निर्वाचन सम्बन्धी सूचनामूलक सामग्रीहरू प्राथमिकताका साथ प्रकाशन एवम् प्रशारणको व्यवस्था हुनका साथै निजी क्षेत्रका आम सञ्चार माध्यमलाई निर्वाचन सम्बन्धी सामग्रीलाई प्राथमिकतासाथ प्रकाशन एवम् प्रसारण गर्ने गराउने व्यवस्था हुन ।

११. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गत सञ्चालित लोक कल्याणकारी विज्ञापन सम्बन्धी कार्यक्रमबाट प्रकाशन तथा प्रशारण हुने विज्ञापन तथा सूचनामूलक सामग्रीहरूमा निर्वाचन आयोगबाट उत्पादित तथा प्रेषित सूचनामूलक सामग्रीहरू प्राप्त गरी सबै छापा एवं विद्युतीय सञ्चार माध्यमबाट प्रकाशन र प्रशारण हुने व्यवस्था हुन ।

१२. निर्वाचनमा यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाध रूपमा सञ्चालन गर्ने व्यवस्थाका साथै तोकिएको मतदान स्थल र मतदान केन्द्रहरूसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारहरू समेत नेपाल सरकार तथा प्रदेश सरकारका सम्वद्ध निकाय एवम् स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मत संभार गरी गराई सुचारू अवस्थामा राख्ने व्यवस्था हुन ।

१३. आर्थिक वर्ष २०७७/०७८ को नियमित वार्षिक कार्यक्रम अन्तर्गत सरकारी वा नीजि दूरसञ्चार सेवा प्रदायकहरूको विद्यमान नेटवर्क विस्तार गर्ने कार्यक्रम २०७७ साल फागुन मसान्त अगावै सम्पन्न गर्ने व्यवस्था मिलाई निर्वाचन सम्बन्धी क्रियाकलापहरूलाई थप प्रविधिमैत्री बनाई सरल, सहज बनाउने कार्यमा सहयोग गर्न सम्बन्धित निकायहरूलाई निर्देशन हुन ।

१४. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल टेलिकम, निजी क्षेत्रका सञ्चार प्रदायक संस्था तथा विकास आयोजना लगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधनहरू मर्मत र सेवा बिस्तार गर्नुपर्ने भए तत्काल मर्मत र सेवा बिस्तार गरी चालु अवस्थामा राख्न लगाउने र निर्वाचनको कामका लागि आवश्यक भएमा सम्बन्धित निकायले तत्काल प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था हुन ।

१५. कोभिड-१९ को महामारीबाट नेपाल पनि प्रभावित रहेको छ । यस महामारीको अवस्थामा राजनीतिक दल, दलका भातृ सङ्गठनहरू, उम्मेदवार तथा निर्वाचन सरोकारवालाहरूबाट हुने निर्वाचन सम्बन्धी भेला, आमसभा, र्‍याली र गोष्ठी तथा स्थानीय तहमा अन्य निकायबाट हुने तालीम, गोष्ठी, सेमिनार, बैठक, भेला, मतदाता अद्यावधिक कार्यक्रम, मतदान स्थल पुनरावलोकन कार्यक्रम, मनोनयन पत्र दर्ता, निर्वाचन चिन्ह वितरण, निर्वाचन प्रचार-प्रसार, परिचयपत्र वितरण, मतदान, मतगणना र परिणाम घोषणा लगायतका कार्यक्रमहरू सञ्चालन गर्दा तथा सहभागी हुँदा अनिवार्य रूपमा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई सावधानीपूर्वक कार्यक्रम गर्ने गराउनेतर्फ स्थानीय प्रशासन मार्फत आवश्यक व्यवस्था मिलाउने निर्देशन हुन ।

०७७।१०।१२

(राजकुमार श्रेष्ठ)
सहसचिव




कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np